# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।२१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मुगु, साबिकको कालै गा.वि.स. वडा नं. ४ हाल सोरु गाउँपालिका वडा नं. ९ स्थित तन्दवाडा-छडा सिँचाई आयोजनामा आयोजनाका अध्यक्ष र कर्मचारीको मिलेमतोमा लागत अनुमान लुकाई इष्टिमेटअनुसार काम नगरी सरिया र सिमेन्ट पनि कम प्रयोग गरी न्यून गुणस्तरको काम गरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला मुगुस्थित तन्दावाडा सिंचाई आयोजना उपभोक्ता समितिमार्फत निर्माण गर्न मिति २०७२।०८।१३ बाट आयोजना सुरु गरी मिति २०७३।०८।१३ सम्ममा कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समिति र आयोजना विच सम्झौता भई उक्त तन्दवाडादेखि छडासम्मको सिँचाई आयोजनामा उपभोक्ता समिति गठन गरी Headwork's/Intake construction Works, R.C.C. Canal lining Works, Pipeline Work, Collection Chamber, Gabion Protection Work र Aqueduct Construction को निर्माण कार्य गर्दा शर्त एवं सम्झौता विपरीत सम्झौता बमोजिमको कार्य नगरी इष्टिमेट अनुसारको काम सम्पन्न नभएको अवस्थामा समेत गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी नभए नगरेको कामको समेत पहिलो, दोस्रो र अन्तिम रनिङ विलहरु प्रमाणित गरी उपभोक्ता समितिलाई बास्तविक भए गरेको कार्य भन्दा **रु.२६,८२,०१४।—**(छब्बीस लाख बयासी हजार चौध रुपैयाँ) बढी भुक्तानी लिई/दिई नेपाल सरकारी/सार्वजनिक संस्थालाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने बद्नियतले उपभोक्ता समितिलाई भुक्तानी दिने/लिने कार्य गरे/गराएको पुष्टि भएको हुँदा उल्लिखित भ्रष्टाचार कसुरमा संलग्न प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला प्राविधिक कार्यालय, मुगुका तत्कालीन **कार्यालय प्रमुख इन्जिनियर देवीप्रसाद पाण्डे,** जिल्ला प्राविधिक कार्यालय, मुगु सामुदायिक सिँचाई आयोजना (CIP) का **इन्जिनियर महेश सिंह कठायत, सव-इन्जिनियर भिम बहादुर रोकाय,** जिल्ला मुगु साविकको कालै गा.बि.स.मा प्राविधिक पदमा कार्यरत रही सामुदायिक सिँचाई आयोजना (CIP) मा खटिएका **सर्जन बहादुर शाही** | रु.२६,८२,०१४।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन एवं नभए नगरेको कामको समेत भए गरेको भन्ने गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ। |
| २. | जिल्ला मुगु सोरु गाउपालिका वडा नं.९ का तत्कालीन **वडा अध्यक्ष परुनाथ योगी,** जिल्ला मुगु, साबिक कालै गा.वि.स.का गा.वि.स.**सचिव नव गिरी** | - | नभए नगरेको कामको समेत भए गरेको भन्ने गलत प्रतिवेदन दिएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ३. | तन्दवाडा सिँचाई आयोजना उपभोक्ता समितिका अध्यक्ष लोक भन्ने **लोग बहादुर शाही**, सचिव **बैंदेवी शाही** र कोषाध्यक्ष **रुपा भन्ने रत्न रुपा शाही** | रु.२६,८२,०१४।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन एवं लोक भन्ने लोग बहादुर शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको समेत कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | सामुदायिक सिँचाई आयोजना अन्तर्गत Consolidate Management Service(CMS) भन्ने परामर्शदातृ संस्थामार्फत खटिएका सामाजिक परिचालन **संयोजक प्रकाश बुढथापा** | रु.२६,८२,०१४।- | निजलाई मुख्य कसुरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) वमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मतियारको कसुर गरेको देखिएकोले निजलाई मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांस बमोजिम मूख्य कसूरदारहरुलाई हुने सरह सजाय गरी बिगो असुलउपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे